कक्षा ९ को विज्ञान: बुझेर पढौँ

# एकाइ 6 · प्रकृति र वातावरण

**कार्यपत्र**

पूर्णाङ्क 35

नाम ______________________ कक्षा ________ रोल नं. ________ मिति ____________ प्राप्ताङ्क ______ / 35

## 1 मुख्य शब्द [4]

कोठामा दिइएका उपयुक्त शब्द छानी तलको अनुच्छेदका खाली ठाउँ भर्नुहोस्। कोठाका दुईओटा शब्द प्रयोग हुँदैनन्। प्रत्येक खाली ठाउँको 0.5 अङ्क छ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **अजैविक** | **उत्पादक** | **खाद्यजाल** | **जुप्लाङ्क्टन** | **जैविक** | **टान्स्ली** | **पारिस्थितिक पद्धति** | **पोषण तह** |
| **समुदाय** | **सिकार** | | | | | | |

सजीवहरूको समुदाय र तिनको भौतिक वातावरण मिलेर बनेको पूरा प्रणालीलाई ______________ भनिन्छ। यो शब्द सन् 1935 मा आर्थर जर्ज ______________ले पहिलो पटक प्रयोग गरेका थिए। एउटै ठाउँमा सँगै बस्ने विभिन्न प्रजातिका जनसङ्ख्याको समूहलाई ______________ भनिन्छ। पारिस्थितिक पद्धतिको सजीव भागलाई ______________ अवयव र निर्जीव भागलाई ______________ अवयव भनिन्छ। आफ्नो खाना आफैँ बनाउने सजीवलाई ______________ भनिन्छ। खाद्यशृङ्खलाको हरेक खुड्किलोलाई ______________ भनिन्छ भने धेरै खाद्यशृङ्खला जोडिएर बनेको जालोलाई ______________ भनिन्छ।

## 2 चित्रको नामाङ्कन [3]

चित्रमा पारिस्थितिक पद्धतिका जैविक र अजैविक भाग कसरी जोडिएका छन् भन्ने देखाइएको छ। 1 देखि 6 सम्मका अङ्कले जनाएका भागको नाम लेख्नुहोस्। प्रत्येकको 0.5 अङ्क छ।




1. ______________________ 2. ______________________

3. ______________________ 4. ______________________

5. ______________________ 6. ______________________

## 3 बहुवैकल्पिक प्रश्न [5]

तलका प्रश्नको सही विकल्प छनोट गर्नुहोस्।

**i.** दिइएकामध्ये कुन जीव विच्छेदक हो? [1]

**क.** लेउ **ख.** किरा
**ग.** च्याउ **घ.** झ्याउ (लाइकेन)

**ii.** प्रथम पोषण तह कुन हो? [1]

**क.** हरिया बोटबिरुवा **ख.** किरा
**ग.** भ्यागुता **घ.** सर्प

**iii.** रुखको बोक्रामा हुने लाइकेनमा कुन किसिमको अन्तरक्रिया हुन्छ? [1]

**क.** पारस्परिकता **ख.** कमन्सलिज्म
**ग.** परजीविता **घ.** प्रतिस्पर्धा

**iv.** **घाँस → फट्याङ्ग्रा → भ्यागुता → सर्प → चिल** शृङ्खलामा भ्यागुता कुन पोषण तहमा पर्छ? [1]

**क.** दोस्रो **ख.** तेस्रो
**ग.** चौथो **घ.** पहिलो

**v.** आकाशबेली पात नभएको पहेँलो लहरा हो। यो बारको बोटमा बेरिन्छ र आफ्नो सबै खाना त्यसैबाट लिन्छ। यो कस्तो अन्तरक्रिया हो? [1]

**क.** पारस्परिकता **ख.** कमन्सलिज्म
**ग.** परजीविता **घ.** सिकार

## 4 अति छोटो उत्तर [3]

तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्।

**क.** पोखरी, ताल र समुद्रमा तैरिने सूक्ष्म उत्पादकलाई के भनिन्छ? [1]

**ख.** एउटा पोषण तहको ऊर्जाको करिब कति भाग अर्को तहसम्म पुग्छ? [1]

**ग.** चरिरहेको भैँसीले उडाएका किरा गाईबकुल्लाले टिपेर खान्छ। यो कुन अन्तरक्रिया हो? [1]

## 5 छोटो उत्तर [8]

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्।

**क.** कारण दिनुहोस्: पारिस्थितिक पद्धतिमा विच्छेदक नहुने हो भने यो पद्धति खलबलिन्छ। [2]

**ख.** कारण दिनुहोस्: खाद्यश्रृङ्खलामा प्रायः उपभोक्ताभन्दा उत्पादकको सङ्ख्या बढी हुन्छ। [2]

**ग.** खाद्यश्रृङ्खला र खाद्यजालबिच कुनै दुई फरक लेख्नुहोस्। [2]

**घ.** पारस्परिकता र कमन्सलिज्मबिच कुनै दुई फरक लेख्नुहोस्। [2]

## 6 लामो उत्तर [8]

तलका प्रश्नको लामो उत्तर लेख्नुहोस्।

**क.** खेतमा काम गर्ने एक जना किसानले मुसाले धान खायो भनेर भएजति सबै मुसा मारे। तर त्यसपछि उनको धानको उत्पादन निकै घट्यो। यसो किन भयो होला? उदाहरणसहित व्याख्या गर्नुहोस्। [4]

**ख.** पारिस्थितिक अन्तरक्रियाका प्रकारहरू उल्लेख गर्नुहोस्। कुनै चारओटालाई उदाहरणसहित व्याख्या गर्नुहोस्। **[4]**

## 7 गणितीय समस्या [2]

तलको गणितीय समस्या समाधान गर्नुहोस्। हिसाबका सबै चरण देखाउनुहोस्।

घाँस → फट्याङ्ग्रा → भ्यागुता → सर्प खाद्यशृङ्खलामा घाँसमा 10,000 kJ ऊर्जा सञ्चित छ। हरेक खुड्किलोमा करिब 10 % ऊर्जा अगाडि सर्छ भने सर्पसम्म कति ऊर्जा पुग्छ?

**उत्तर:**

## 8 सोच्नुहोस् [2]

सोचेर उत्तर लेख्नुहोस्।

आश्रयदातालाई छिट्टै मार्ने परजीवीले आफ्नो घर र खाना दुवै गुमाउँछ। त्यसो भए धेरैजसो सफल परजीवी कस्ता होलान्?

## 9 क्रियाकलाप: एउटा चउरको अध्ययन (क्रियाकलाप 6.2) (अङ्क नदिइने)

आफ्नो नजिकैको चउर वा खुला खेतमा जानुहोस्। त्यहाँका सजीव खोज्नुहोस् र भेटिएका दुईओटा खाद्यशृङ्खला तालिकामा भर्नुहोस्।

| उत्पादक | प्राथमिक उपभोक्ता | द्वितीय उपभोक्ता | तृतीय उपभोक्ता |
|---|---|---|---|
| | | | |
| | | | |

तपाईंले कुन कुन विच्छेदक कहाँ भेट्टाउनुभयो?